**इच्छाकामना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
कुरिनटार, चितवन
**बोलपत्रआह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति :२०७८/१२/०३**

यस इच्छाकामना गाउँपालिका कार्यालयको तपसिलमा उल्लेखित कार्यहरु **E-Bidding**माध्यमवाट गराउनु पर्ने भएकाले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक सप्लायर्स,विक्रेता तथा व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको **E-Bidding**माध्यमवाट बिड गर्न यो सुचनाआव्हान गरिएको छ ।

**तपसिल**

१. बोलपत्रफाराम खरिदको लागि नवीकरण भएको इजाजतपत्र, आयकरदर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र,फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र र आ.व. ०७७/०७८ को कर चुक्ताको प्रतिलिपिअथवा म्याद थप गरेको प्रतिलिपि रनिवेदन सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन सम्ममा तपसिलमा उल्लेखित दस्तुर जम्मा गरी (फिर्ता नहुने गरी) www.bolpatra.gov.np/egpमार्फतखरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन, दिनको १२:०० बजे भित्र दाखिला गरिसक्नु पर्ने छ । यसरी दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्रखोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन विदापरेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त अनुसारको कार्य हुनेछ ।

४. बोलपत्र साथ जमानत वापतको निम्न विवरणमा उल्लेखित रकम ग्लोवल आइ एम ई बैंक लि कुरिनटार, चितवन स्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको धरौटी खाता नं. GA-3C401010000021मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त 'क'वर्गको वैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

५. बोलपत्रफाराम वापतको दस्तुर ग्लोवल. आइ. एम. ई. बैंकलि कुरिनटार, चितवन स्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको आन्तरिक राजस्व खाता नं. GA-1-1C404010000004मा जम्मा गरेको भौचरको scan copy समेत पेश गर्नु पर्ने छ । कार्यालय कोड-35-365-19

६. कालोसुचिमा नपरेको स्वयं घोषणापत्र समेत पेश गर्नु पर्नेछ ।

७. बोलपत्रमा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ ।बोलपत्रभर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । म्याद नाघि आएको र रित नपुगेको बोलपत्रउपर कुनै कार्वाही गरिने छैन ।

८. एक फर्मको नाममा खरिद गरिएकाबोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

९. बोलपत्रदाताहरुले वढिमा तिनवटा फर्महरुको एक संयुक्त उपक्रम बनाई बोलपत्र पेश गर्न सक्नेछन् । तर एक बोलपत्रदाताले संयुक्तउपक्रमको साझेदार वा व्यक्तिगत मध्ये कुनै एउटा मात्र बोलपत्र पेश गर्न सक्नेछ ।

१०. कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा स्वीकृत नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

११. सूचनामा उल्लेख नभएको कुराहरुका हकमा सार्वजनिक खरिद ऐन,२०६३ एवं नियमावली,२०६४ र प्रचलित कानून बमोजिम हुनेछन् ।

१२.संझौता गरी सामान सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालोसूचीमा दर्ताको लागि सम्वन्धित निकायमा लेखि पठाइनेछ ।

शालिकराम बस्याल
प्रशासकीय अधिकृत

१३.ठेक्का स्वीकृत भएपछि सम्झौता गरि तोकिएको काम समयसिमा भित्र नसक्ने प्रस्तावदातालाई अर्को १ आर्थिक वर्षको लागि नकारात्मक सूचिमा राखिने एवं अर्को २ आ.व. गाउँपालिकाको कुनै पनि ठेक्कामानिजको प्रस्ताव स्वीकृत गरिने छैन।

१४.कामको विवरण निम्नानुसारको छ ।

| सि. नं. | ठे.नं . | कामको विवरण | ल.ई.रकम (मु.अ.क. र कन्टिन्जेन्सी वाहेक) | जमानत रकम | फाराम खरिद दस्तुर | माध्यम |
|---|---|---|---|---|---|---|
| १. | NCB/IRM/25/078/079 | Dhungre lifting water supply Electri city erection & extension work and gravity follow construction-ward-06 | 61,07,587.98 | 2,11,000.00 | 3000.00 | बोलपत्र |

प्रमुख प्रशासकीय अधिकृत